السفارة النيبالية
الدوحة - قطر

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Doha, Qatar

# प्रेस विज्ञप्ति

नेपाली राजदूतावास, दोहाले जीवन विज्ञान, कतारको सहयोग र समन्वयमा आज अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा राजदूतावासको सभाहलमा एक कार्यक्रमको आयोजना गरेको छ। संयुक्त राष्ट्रसंघले सन् २०१४ को डिसेम्बर ११ मा जुन २१ लाई योग दिवसको रूपमा मान्यता दिएपछि सन् २०१५ देखि अन्तर्राष्ट्रिय योग दिवस मनाउन सुरु गरिएको हो।

नेपालको राष्ट्रिय गान बजाएर सुरुवात गरिएको उक्त कार्यक्रममा जीवन विज्ञान, कतारका सहसंयोजक श्री गंगाराम फुयाँलले अन्तर्राष्ट्रिय योग दिवसको महत्वका बारेमा प्रकाश पार्दै आफ्नो धारणा राख्नुभयो। मन्तव्यका क्रममा उहाँले योग कुनै विशेष उमेर, धर्म वा समुदायका लागि मात्र नभई सम्पूर्ण मानव जातिका लागि उपयोगी हुने विचार व्यक्त गर्नुभयो। जीवन विज्ञान, कतारकी प्रशिक्षक श्री विद्या राईले कार्यक्रममा उपस्थित सबैलाई विभिन्न प्रकारका योग अभ्यास तथा ध्यान गराउनुभयो।

कार्यक्रमको समापन गर्दै राजदूतावासका कार्यवाहक राजदूत श्री कुमार राईले दैनिक जीवनमा योगको महत्व र यसले शारीरिक र मानसिक स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावका बारेमा प्रकाश पार्नुभयो। साथै, योगाभ्यासलाई नियमित रूपमा आफ्नो दैनिकीको अंग बनाउन प्रेरित गर्दै कार्यक्रममा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो। राजदूतावासका सहचारी श्री शोभाखर बरालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा राजदूतावास परिवारका साथै कतारमा बसोबास गर्ने करिब ४० जना नेपालीहरूको सक्रिय सहभागिता रहेको थियो।

**नेपाली राजदूतावास**
**दोहा, कतार**
**२०८३ असार ५**

नेपाली राजदूतावास
दोहा

Phone: +974 44675681/83, Fax: +974 44675680, PO.Box No. 23002, Doha, Qatar
Website: www.qa.nepalembassy.gov.np, E-mail: eondoha@mofa.gov.np